# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, असार ३० गते २०४३ साल (संख्या १४


## भाग ४

### श्री ५ को सरकार
### मन्त्रिपरिषद् सचिवालयको सूचना

कृषि मन्त्रालयको सचिव पदमा श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी नेपाल कृषि सेवा, रा.प. प्रथम श्रेणीका अधिकृत श्री अकुरनरसिंह राणालाई निजको नेपाल कृषि सेवामा रहेको पदाधिकार कायमै रहने गरी मिति २०४३।१।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

### श्री ५ को सरकार
### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४३।२।२२ को निर्णयानुसार का. मु. प्रहरी महानिरीक्षक श्री हेमबहादुर सिंहलाई २०४३ साल आषाढ १ गतेदेखि प्रहरी महानिरीक्षक पदमा बढुवा गरिएको छ ।

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।